गरे पनि चेतना र शिक्षाको अभावले कुरीतिकै रूपमा यो समस्या विद्यमान रहेको छ । दिगो विकासका लक्ष्यको कार्यसूची (सन् २०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने बिषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । सन् २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी गरी लागू गरिएको छ । राज्यले बालमैत्री शासनको अवधारणालाई अघि सारेको छ । सरकारी तथा गैरसरकारी निकाय, संचारमाध्यम तथा बालबालिका स्वयंले बालविवह विरूद्धका कार्यक्रम तथा विभिन्न अभियानहरू संचालन गर्दै आएका छन् । बाल अधिकार स्थापित गर्न बाल सहभागितालाई जोड दिइएको छ । बालक्लब, बाल सञ्जालहरू गठन तथा परिचालित छन् ।

बालविवाह गर्न, गराउन नहुने, जानीजानी बालविवाह गराउने लमी, पुरोहित, अभिभावक र अरू मदत गर्ने व्यक्तिहरूलाई कानुन बमोजिम कैद सजाय वा जरिवाना वा दुवै सजाय हुनसक्नेछ ।

### बालविवाह एक चुनौती साबित भएको छ

- बाल विवाहबारे उजुरी नै पर्दैनन् ।
- उजुरी पश्चात पनि मेलमिलापमा मात्र केन्द्रीत हुनु ।
- बालविवाहलाई अभिभावकहरूले संवेदनशील बिषय नठान्नु ।
- मोबाइल तथा समाजिक संजालको प्रयोग बढ्नु ।
- बालबालिका स्वयं सचेत नहुनु ।

बालबालिका माथि हिंसा, दुर्व्यवहार, यौन शोषण, श्रमशोषण र बाल अधिकार उल्लंघन भएको छ भने बालहेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ मा खबर गरौं ।

बालबालिका हराएमा वा अलपत्र परेमा बेवारिसे फेला परेमा बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क फोन नं. १०४ मा खबर गरौं ।

बाल अधिकार हननका घटना तथा जानकारीहरू भएमा सामाजिक विकास मन्त्रालय सु.प. प्रदेश को निःशुल्क टोल फ्रि नं. १६६०९१५५५६३ मा फोन गरी बालबालिकाको संरक्षण तथा बाल अधिकारको प्रवर्द्धनमा सहयोगी बनौं ।

फोन नं. ०९१-५२५००९ । ईमेलः mosdkailali07@gmail.com । वेवसाइटः mosd.p7.gov.np



"सानै छु म बढ्न देउ, बालविवाह होइन पढ्न देउ"

# बालविवाह

## एक झलक




**बालबालिकाको संरक्षण गर्दै बालअधिकारको सम्बर्द्धन, प्रबर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## बालविवाह



मानव जीवनलाई निरन्तर अस्तित्वमा राख्नका लागि वैवाहिक जीवन आवश्यक छ । कानुनी रूपमा नेपालमा केटा र केटीको विवाह गर्ने उमेर २० वर्ष पारि तोकिएको छ । तोकिएको उमेरभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा बालविवाहलाई कानुनी रूपमा प्रतिबन्ध लगाइएको छ ।

## बालविवाहको अवस्था




बालविवाह दर उच्च हुने विश्वका देशहरूमा नेपाल पनि पर्दछ । एसियामा बंगलादेश र भारत पछि नेपाल तेस्रो स्थानमा छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा कुल बालविवाह मध्ये प्रति वर्ष सरदर १ लाख १५ हजार बालिकाको विवाह हुने गरेको छ । यसैगरी प्रत्येक वर्ष कुल जनसंख्याको ४३ लाखभन्दा बढी १५ देखि १९ वर्षमुनिका किशोरीहरूको विवाह हुने गरेको छ । स्वास्थ्य सर्वेक्षण प्रतिवेदन २०१६ ले नेपालमा ४१ प्रतिशत बालिका र ११ प्रतिशत बालकको बालविवाह हुने गरेको तथ्यांक सार्वजनिक गरेको छ । उक्त स्वास्थ्य सर्वेक्षणमा कुल बालविवाह मध्ये ४५ प्रतिशत बाबुआमाको सहमतिमा हुने गरेको उल्लेख छ । बालविवाह गर्ने केटाको तुलनामा केटीको संख्या चार गुणा बढी भएको पाइएको छ। केन्द्रिय तथ्यांक विभागको पपुलेशन मोनोग्राफ सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेरका बालबालिका मध्ये २६.३ प्रतिशतको बालविवाह भएको देखिन्छ ।

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणबाट आफुले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ ।



## बालविवाहको परिमाण



बाल विवाहले बालबालिकाहरुलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । विशेष गरी बालबालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृखला सृजना गरी थप हिंसाको कु-चक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहका कारण देहायका समस्याहरू उत्पन्न हुने गरेको पाईन्छ ।




## बालविवाह विरुद्धको राष्ट्रिय प्रयास

वि.सं. २०७२/०६/०३ मा जारी भएको नेपालको संविधानको भाग ३ धारा ३९ बालबालिकाको हक अन्तर्गतको उपधारा ५ ले बालविवाहलाई पहिलो पटक बालअधिकार हनन्को बिषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ ।




बालविवाहलाई मुलुकी ऐन, २०२० ले गैरकानूनी ठहर